# श्री श्रीजुङ माध्यमिक विद्यालय (१-१२)

मेन्छयायेम ४, तेह्रथुम,

स्थापना-२०१९

Email : srijungsecondaryschool1@gmail.com

पत्र सङख्या-२०८१/०८२ कोशी प्रदेश, नेपाल

चलानी नम्बर- १११ सम्पर्क नं. ९७४२२९५६००


मिति-२०८१/११/२३ गते

**श्री सम्बन्धित सबै ।**

**विषय-** लिलामी बिक्री सम्बन्धी बोलपत्र अह्वानको सूचना

बोलपत्र सूचना नं. २०८१/२०८२-०१

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/११/२३

उपर्युक्त सन्दर्भमा यस श्री श्रीजुङ्ग माध्यमिक विद्यालय मेन्छयायेम-४, तेह्रथुमको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/११/२३ गते बसेको बैठकको निर्णय बमोजिम यस विद्यालयको अङ्ग्रेजी माध्यम ( कक्षा १-५) तर्फको पुरानो भवनहरु काठको दुई तल्ले चार कोठे भवन १, उक्त दुई तल्ले चार कोठे भवनसँग जोडिएर रहेको विद्यालयको जग्गामा रहेको साविक पञ्चायत भवन १ र त्यही दुई तल्ले चार कोठे भवनको अगाडीको दुई ब्लकको चार कोठा जम्मा गरी चार भवनहरुमा प्रयोग भएका सामानहरु (ढुङ्गा बाहेक) जे जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको विद्यालय समय भित्र यस विद्यालयबाट बोलपत्र खरिद गरि ८ औं दिनको १२:०० बजेभित्र रितपूर्वक दर्ता गर्नु हुन यो सिलबन्दी बोलपत्र अव्हान गरिएको छ । रितपूर्वक दर्ता भएको बोलपत्रहरु सोही दिनको १:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधि समेतको रोहबरमा यस विद्यालयमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

**लिलामी समानहरुको विवरण**

| क्र.सं. | भवनको विवरण | समानहरुको विवरण | कैफियत |
|---|---|---|---|
| १ | दुई तल्ले चार कोठे भवन | अनुमानित ३६० क्यु.फि. पात्लेको काठ, जस्ता, चाँप प्रजाती काठको ५ जोडा ढोकाका पल्लाहरु | |
| २ | साविक पञ्चायत भवन | पात्लेको काठ र जस्ता | |
| ३ | ट्रस्ट भवन २ ब्लक ४ कोठे | ट्रस्ट, जस्ता र काठ | |

माथी उल्लेखित समानहरुको बढाबढ शुरु हुने न्युनतम जम्मा मूल्य रू. ६,००,००० ( अक्षरेपी छ लाख)

# श्री श्रीजुङ माध्यमिक विद्यालय (१-१२)

मेन्छयायेम ४, तेह्रथुम,

स्थापना-२०१९

Email : srijungsecondaryschool1@gmail.com

पत्र सङख्या-२०८१/०८२ | कोशी प्रदेश, नेपाल

चलानी नम्बर- १११ | सम्पर्क नं. ९७४२२९५६००


## बोलपत्र दाताले पालना गर्नुपर्ने शर्तहरू

१. भवनमा प्रयोग भएका समानहरु जस्ता, ट्रस्ट र काठ (ढुङ्गा वाहेक) खरीद गर्ने इच्छुक इजाजत प्राप्त फर्म, कम्पनी, संस्था वा व्यक्तिले नै सो भवनहरु भत्काएर त्यस भवनमा प्रयोग भएका सबै ढुङ्गाहरु उचित ठाउँमा व्यवस्थापन गरी ती सामानहरू लानुपर्ने छ ।

२. बोलपत्र फाराम दस्तुर बापत रू. १०००/- (एक हजार) मात्र पछि फिर्ता नहुने गरी सूचना प्रकाशन भएको मितिले ७ औं दिनको विद्यालय समयभित्र बोलपत्र फाराम खरिद गरी ८ औं दिनको १२:०० बजे भित्र यस विद्यालयमा दर्ता गरिसक्नुपर्नेछ।

३. लिलाम सामान सकार्न इच्छुक इजाजत प्राप्त फर्म, कम्पनी, संस्थाको हकमा दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०८०/२०८१ को कर चुक्ता प्रमाणपत्र र व्यक्तिको हकमा प्यान नं. र नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहितको निवेदन यस विद्यालयमा पेश गर्नुपर्नेछ ।

४. बोलपत्र दाखिला गर्दा खाममा बोलपत्रदाताको नाम, थर, ठेगाना, फोन नं. बोलपत्र सूचना नं. समेत खुलाई लाहाछाप लगाई सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

५. बोलपत्रसाथ आफूले कबुल गरेको रकमको १० प्रशितले हुन आउने धरौटी बापतको रकम यस विद्यालय नाममा रहेको श्री कुमारी बैंक लिमिटेड, मेन्छयायेम शाखा, मोराहाङ तेह्रथुमको चल्ती खाता नं. २७२०२४८८१२४००००१ मा जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ।

६. रित नपुगेको वा ढिलोगरी प्राप्त हुन आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन। दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ। यदि दररेट मूल्य र अंकमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ। केरमेट भएको ठाँउमा सहिछाप गरेको हुनुपर्नेछ।

७. लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएपछी ७ दिन भित्र कबुल रकम दाखिला गरी सम्झौताका लागि यस विद्यालयमा उपस्थित हुनु पर्नेछ। लिलाम सम्बन्धी सम्झौता भएको मितिले ७ दिन भित्र लिलाममा उल्लेखित सम्पूर्ण सामाग्री उठाई लैजानुपर्नेछ अन्यथा सम्झौता रद्द गरी धरौटी जफत गरिनेछ।

८. लिलाम हुने सामानहरु हेर्न चाहनेले विद्यालय समय भित्र हेर्न सकिनेछ।

९. लिलाम गरिने सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा नै सकार गर्नुपर्नेछ।

१०. बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस विद्यालयको विद्यालय व्यबस्थापन समितिमा सुरक्षित रहनेछ।

११. यसमा नपरेका शर्तहरू प्रचलित कानून बमोजिम हुनेछन् ।

१२. थप जानकारीको लागि यस विद्यालयको सम्पर्क नं. ९७४२२९५६०० मा सम्पर्क गर्न सकिनेछ।

**बोधार्थ**

१. श्री मेन्छयायेम गाउँपालिका, गाउँपालिकाको कार्यालय, मोराहाङ, तेह्रथुम

२. श्री शिक्षा विकास तथा समन्वय इकाई, तेह्रथुम

३. श्री मेन्छयायेम गाउँपालिका वार्ड नं. ४ को कार्यालय, श्रीजुङ्ग, तेह्रथुम

४. श्री मेन्छयायेम गाउँपालिका वार्ड नं. ३ को कार्यालय, श्रीजुङ्ग, तेह्रथुम

राम औतार मण्डल
प्रधानाध्यापक
श्री श्रीजुङ्ग मा.वि. मेन्छयायेम-४, तेह्रथुम